"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

# राष्ट्रिय खेलकुद परिषद

प्रधान कार्यालयः त्रिपुरेश्वर, काठमाडौं, नेपाल

## National Sports Council

Head Office: Tripureshwar, Kathmandu, Nepal

विभाग/शाखा
Dept./ Sec.
मिति/ Date:

च.नं./Ref. No.: ०६/०८०/०८१

२०८०।०४।०७

नेपाल क्रिकेट संघ,
मुलपानी,काठमाण्डौ ।

विषयः नेपाल क्रिकेट संघको संशोधित विधान-२०८० स्वीकृती सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल क्रिकेट संघको मिति २०८०।०३।१५ च.नं. ७९१।०८० को पत्रबाट नेपाल क्रिकेट संघको संशोधित विधान-२०८० प्रमाणिकरणका लागि अनुरोध भै आएको सम्बन्धमा परिषदको मिति २०८०।०३।१५ च नं ५४१ तथा मिति २०८०।०४।०२ च नं ०२ को पत्रमा उल्लेख गरिएका विवरणहरु संशोधित विधानमा अक्षरश समावेश गरि हाललाई नेपाल क्रिकेट संघको संशोधित विधान-२०८० स्वीकृती प्रदान गरिएको छ ।साथै आगामी साधारणसभाबाट भएका निर्णय बमोजिम विधानमा समावेश गरी एकिकृत विधानलाई परिषदबाट अन्तिम स्वीकृती हुनेगरी पेश गर्न निर्णयानुसार अनुरोध छ ।

२०८०।०४।०७

चन्द्र कुमार राई
प्रमुख
संघ संस्था समन्वय शाखा

बोधार्थः
श्री परिषदको सचिवालय, रा.खे.प. ।
श्री खेलकुद विकास विभाग, रा.खे.प. ।

## नेपाल क्रिकेट संघको विधान, २०५५
## (चौथो संशोधन), २०८०

**प्रस्तावना:**

नेपाल भित्र क्रिकेट खेलको विस्तार गर्न र अन्तर्राष्ट्रिय स्तरको क्रिकेट खेलमा नेपालको सहभागिता वृद्धि गरी खेलकुदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न एवं क्रिकेट खेल र खेलाडीको हक हितको संरक्षण र कल्याणका लागि क्रिकेट खेलप्रति अभिरुचि राख्ने सबैलाई संगठित गर्न वाञ्छनीय भएकोले हाल कायम रहेको नेपाल क्रिकेट संघको विधान, २०५५ लाई संशोधन गर्न आवश्यक भएकोले क्रिकेट संघको विधान, २०५५ (तेश्रो संशोधन सहित) को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी क्रिकेट संघको विधान, २०५५ को (चौथो संशोधन), २०८० जारी गरिएको छ।

**१.नाम र प्रारम्भ:**

(क) यस विधानको नाम नेपाल क्रिकेट संघको (चौथो संशोधन) विधान, २०८० रहेको छ। यो विधान केन्द्रीय साधारण सभा तथा राष्ट्रिय खेलकुद परिषदले स्वीकृति प्रदान गरेको मिति देखि लागू हुनेछ।

**२.परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "ऐन" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "तदर्थ कार्यकारी समिति" भन्नाले यस विधान बमोजिम गठित तदर्थ कार्यकारी समितिलाई सम्झनु पर्छ।

(ग) "संघ" भन्नाले विधानको धारा ३ बमोजिम स्थापित गरिएको नेपाल क्रिकेट सघंलाई सम्झनुपर्छ।

(घ) "विधान" भन्नाले नेपाल क्रिकेट सघंको विधान सम्झनुपर्छ।

(ङ) "नेपालको संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(च) "केन्द्रिय साधारण सभा" भन्नाले सदस्यहरुबाट गठन गरिएको यस सघंको सर्वोच्च निकायलाई सम्झनुपर्छ।

(छ) "केन्द्रिय कार्य समिति" भन्नाले यस विधानको दफा ३ बमोजिम गठित कार्य समितिलाई सम्झनुपर्छ।

(ज) "परिषद" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषदलाई सम्झनुपर्छ।

(झ) "जिल्ला" भन्नाले नेपालको संविधानले मान्यता प्रदान गरिएका अनुसूची २ बमोजिमको जिल्लालाई सम्झनुपर्छ।

(ञ) "जिल्ला क्रिकेट संघ" भन्नाले यस विधान बमोजिम गठन भै संघद्धारा मान्यता प्रदान गरिएका जिल्लास्तरीय क्रिकेट सघंलाई सम्झनुपर्छ।

(ट) "जिल्ला कार्य समिति" भन्नाले यस विधानको धारा ९ बमोजिम गठित जिल्ला कार्य समितिलाई सम्झनुपर्छ।

(ठ) "हाल कायम रहेको संघको विधान" भन्नाले वर्तमान नेपाल क्रिकेट संघको विधान, २०५५ लाई सम्झनु पर्छ।

(ड) "आईसिसि" भन्नाले अन्तर्राष्ट्रिय क्रिकेट परिषदलाई सम्झनुपर्छ।

(ढ) "एसीसी" भन्नाले एसियन क्रिकेट सघंलाई सम्झनुपर्छ।

(ण) "सदस्य" भन्नाले कार्यकारी समितिका सदस्यलाई जनाउँनेछ।

(त) "पदाधिकारी" भन्नाले केन्द्रीय कार्य समितीको अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्षलाई सम्झनुपर्छ।

(थ) "साधारण सदस्य" भन्नाले जिल्ला क्रिकेट सघंबाट साधारण सदस्यता प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्छ।

(द) "प्रादेशिक क्रिकेट संघ" भन्नाले यस विधान बमोजिम गठन भै संघद्वारा मान्यता प्रदान गरिएका प्रादेशिक क्रिकेट संघलाई सम्झनु पर्छ।

(ध) "प्रदेश" भन्नाले नेपालको संविधानले मान्यता प्रदान गरिएका प्रदेशहरुलाई सम्झनुपर्छ।

(न) "प्रादेशिक कार्य समिति" भन्नाले यस विधानको धारा ८ बमोजिम गठित प्रादेशिक कार्य समितिलाई सम्झनु पर्छ।
(प) "प्रशिक्षक" भन्नाले राष्ट्रिय खेलकुद परिषद वा नेपाल क्रिकेट सघंले मान्यता दिएको प्रशिक्षकलाई सम्झनुपर्छ।
(फ) "नियम" भन्नाले राष्ट्रिय खेलकुद विकास नियमावली, २०७१ लाई सम्झनुपर्छ।
(ब) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान वा केन्द्रीय कार्य समितिले तोकिएको वा तोकिए बमोजिमको नियम, विनियमलाई सम्झनुपर्छ।

## परिच्छेद २
## सघंको स्थापना र उद्देश्य

**३. संघको स्थापनाः**

(१) अन्तर्राष्ट्रिय क्रिकेट परिषदको विधान, नियमावली एवं दिग्दर्शन र प्रचलित कानुनको अधिनमा रहने गरी राष्ट्रिय खेलकुद परिषदबाट स्विकृति प्राप्त गरी नेपाल क्रिकेट संघको स्थापना गरिएको छ।

(२) संघको केन्द्रिय कार्य समिति देहायबमोजिमका १७ सदस्यहरु रहने गरी गठन गरिएको छ।

(क) अध्यक्ष १
(ख) अपाध्यक्ष १
(ग) सचिव १
(घ) कोषाध्यक्ष १
(ङ) सदस्यहरु १३

(३) यस विधानमा अन्यथा उल्लेख गरिएकोमा बाहेक, उपधारा (२) बमोजिम गठन गरिने केन्द्रिय कार्य समितिका सदस्यहरु केन्द्रिय साधारण सभाबाट निर्वाचित गरिनेछ तर त्यसरी निर्वाचन गर्दा पहिलो चार (४) वर्षका लागि धारा २२(८) बमोजिम प्रदेश नं. ५ मा गाभिएको प्रदेश नं. ६ समेतको प्रत्येक प्रदेशबाट कम्तीमा एक-एक जना प्रतिनिधि निर्वाचन हुने व्यवस्था गर्नु पर्नेछ।

(४) राष्ट्रिय खेलकुद परिषदले आफ्नो दुई (२) जना प्रतिनिधिलाई पदेन सदस्यको रुपमा मनोनित गर्नेछ। राष्ट्रिय खेलकुद परिषदले मनोनित गरेका प्रतिनिधिहरुलाई केन्द्रिय कार्य समिति तथा केन्द्रिय साधारण सभाको बैठकमा मतदान गर्ने वा निर्वाचनमा सहभागी हुने अधिकार हुने छैन। राष्ट्रिय खेलकुद परिषदले मनोनित गरेको आफ्नो प्रतिनिधिहरुलाई फिर्ता बोलाउन र अर्को नयाँ प्रतिनिधि मनोनित गर्ने अधिकार रहनेछ।

(५) जिल्ला क्रिकेट संघ तथा प्रदेश क्रिकेट संघका सम्पूर्ण सदस्यहरु यस विधान बमोजिम गठन गरिएको मानिनेछ तथा संघको मातहतमा रहनेछ।

(६) केन्द्रीय कार्य समितिको सदस्यहरुमध्ये कम्तीमा एकजना महिला हुनु पर्नेछ।

(७) केन्द्रीय कार्य समितिका सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र सदस्यहरु अर्को थप एक (१) पदावधिका लागी पुनः सोही पदमा नियुक्त हुन सक्नेछ।

**४. नेपाल क्रिकेट संघको उद्येश्यः-**

(१) नेपाल खेलकुद परिषदको उद्येश्य ऐन, नियमावली, नीति र राष्ट्रिय खेलकुद परिषदको निर्देशनको अधिनमा रही सम्वन्धित निकायहरुसँग समन्वय गर्ने गरी देहायबमोजिम उद्येश्य हुनेछः

(क) क्रिकेट खेलप्रति सर्वसाधारणको रुचि अभिवृद्धि गराउने।
(ख) क्रिकेट खेलको नेपालमा विस्तार गर्ने र यसको समूचित विकासमा जोड दिने।
(ग) क्रिकेट खेलको स्तर वृद्धि गर्न प्रशिक्षण, अनुसन्धान, कार्यशालाहरु संचालन गर्ने गराउने।

(घ) क्रिकेट खेलसँग सम्बन्धित विभिन्न पक्षहरुको हक हित र अधिकारको सुरक्षा, उन्नति तथा कल्याणका लागी आवश्यक कार्य गर्ने गराउने।

(ङ) राष्ट्रिय खेलकुदको परिषद तथा नेपाल सरकारलाई क्रिकेट खेलको विकास, विस्तार, प्रवर्द्धनको लागि आवश्यकता अनुसार सल्लाह सुझाव दिने र त्यस सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने गराउने। परिषदसँग आवद्ध भै क्रिकेट खेलको लागि आवश्यक कार्य गर्ने गराउने।

(च) क्रिकेट खेलको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको विकास र व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने गराउने।

(छ) राष्ट्रिय क्रिकेट टोली (महिला र पुरुष) को गठन गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट खेलहरुमा सहभागिता गर्ने गराउने।

(ज) खेलकुद सम्बन्धी संस्थाहरुसँग समन्वय गर्ने गराउने।

(झ) क्रिकेट खेलको माध्यमबाट राष्ट्रको ईज्जत, प्रतिष्ठा एवं सम्मानको स्तरमा अन्तर्राष्ट्रिय जगतमा वृद्धि गर्ने गराउने।

(ञ) क्रिकेट खेलप्रति विद्यार्थी, युवा तथा बालबालिकाहरुको सहभागितामा वृद्धि गर्नका लागी आवश्यक कार्य गर्ने।

(ट) खेलकुद सम्बन्धी जानकारी प्रदान गर्नका लागि परिषदले किताब, समाचार पत्र तथा मुखपत्र प्रकाशन गर्ने गराउने।

(ठ) संघलाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य प्रकारका भौतिक लगायतका सहयोगको बन्दोवस्त गर्ने गराउने।

(ड) संघको कानुनी तथा अनुशासनसँग सम्वन्धित उद्येश्यहरु प्राप्त गर्नका लागि आवश्यक कार्यहरु गर्ने गराउने।

(ढ) प्रादेशिक तथा जिल्ला क्रिकेट संघलाई निर्देशन तथा नियन्त्रण गर्ने तथा प्रान्तिय तथा जिल्ला क्रिकेट संघलाई आवश्यक मार्गनिर्देशन तथा सहयोग प्रदान गर्ने।

(ण) प्रादेशिक तथा जिल्ला क्रिकेट संघको कृयाकलापसँग सम्वन्धित क्रिकेट खेलको विनियम तयार गर्ने।

(त) प्रादेशिक तथा जिल्ला क्रिकेट संघहरुको निर्णय तथा विवाद पुनरावलोकन गर्ने।

**(५) संघ संगठित संस्था हुने:-**

(१) संघ अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ र यसको आफ्नै छुट्टै छाप हुनेछ। संघले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन गर्ने वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ र संघको नामले मुद्दा गर्न र संघको विरुद्धमा मुद्दा लाग्न सक्नेछ।

(२) संघको आफ्नो छुट्टै झण्डा हुनेछ। संघको झण्डाको नमुना अनुसुची १ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यो विधान लागु हुने वित्तिकै संघले क्रिकेट संघको नेपालको विधान २०५५ बमोजिम गठन भएको क्रिकेट संघ नेपालको सम्पत्ति, दायित्व, कार्यक्रम, कोष, पदाधिकारी र कर्मचारी समेत आफ्नो नाममा राख्नेछ।

**(६) केन्द्रीय क्रिकेट संघको कार्यालय:-**

केन्द्रीय क्रिकेट संघको कार्यालय काठमाण्डौमा रहनेछ। केन्द्रीय कार्य समितिबाट आवश्यक निर्णय गरि संघले नेपालका अन्य स्थानमा आफ्नो शाखा कार्यालय खोल्न र संचालन गर्न सक्नेछ।

**(७) केन्द्रीय कार्य समितिको बैठक र माईन्यूट:-**

(१) केन्द्रीय कार्य समितिको बैठक अध्यक्षसँग छलफल गरि सचिवले बैठक बस्ने मिति, समय, स्थान र छलफल गर्ने विषय समेत खोली बैठक बोलाउने सुचना दिनुपर्नेछ।

(२) केन्द्रीय कार्य समितिको बैठकमा कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएको अवस्थामा बैठक संचालनका लागि गणपुरक संख्या पुगेको मानिनेछ। गणपुरक संख्याको अभावमा बैठक बस्न नसकेको अवस्थामा सोको ७ दिन भित्र अर्को बैठक सोहि समय र सोहि स्थानमा बस्ने गरी स्थगित भएको मानिनेछ।

(३) केन्द्रीय कार्य समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ। मत वरावर भएको अवस्थामा मात्र अध्यक्षलाई मताधिकार प्राप्त हुनेछ।



CamScanner

(४) केन्द्रीय कार्य समितिको बैठकमा उपस्थित गणपुरक सदस्यहरुले केन्द्रीय कार्य समिति बैठकको निर्णयको माईन्यूटमा हस्ताक्षर गर्नु पर्नेछ। सचिवले बैठकको निर्णय उत्तार प्रमाणित गर्नेछ।

(५) केन्द्रीय कार्य समितिको कुनै एक सदस्यले अनुरोध गरेको अवस्थामा समितिको बैठकको निर्णय गोप्य मतदानबाट गरिनेछ।

(६) सबै निर्णयहरु बहुमतको आधारमा गरिनेछ र त्यस्तो निर्णय सबै सदस्यहरुलाई मान्य हुनेछ।

## परिच्छेद ३
## प्रादेशिक क्रिकेट सघंको गठन

**८. प्रादेशिक क्रिकेट संघः**

(१)नेपाल क्रिकेट संघको विधान, नियमावली एवं दिग्दर्शन र प्रचलित कानूनको अधिनमा रहि प्रादेशिक क्रिकेट सघंको स्थापना गरिनेछ। प्रादेशिक क्रिकेट संघको अधिकारक्षेत्र नेपालको संविधानले तोकेको सम्वन्धित प्रदेशको क्षेत्र भित्र मात्र सीमित रहनेछ।

(२) प्रादेशिक क्रिकेट सघंका लागि संघले तयार गरिएको विनियमावली प्रादेशिक क्रिकेट सघंमा लागू हुनेछ र उक्त विनियमावलीलाई प्रादेशिक क्रिकेट सघंले पालना गर्नुपर्नेछ।

(३) क्रिकेट खेलाडीको टोली गठन गर्न तथा क्रिकेट प्रतियोगिता आयोजना तथा व्यवस्थापन गर्न आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

(४) प्रादेशिक क्रिकेट सघंले आफ्नो प्रयोजनका लागि र जिल्ला क्रिकेट सघंहरुलाई दिनका लागि आवश्यक पर्ने रकम केन्द्रीय क्रिकेट सघंबाट प्राप्त गर्न वा आफ्नै प्रयासबाट संकलन गर्न सक्नेछ। प्रादेशिक क्रिकेट सघंले प्राप्त गरेको रकमहरुको सुव्यवस्थित, पारदर्शी ढंगबाट प्रयोग हुने कुरालाई सुनिश्चित गर्नुपर्नेछ र आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र लेखापरिक्षकले प्रमाणित गरेको वार्षिक आर्थिक विवरण संघलाई उपलब्ध गराउनुपर्नेछ। सो कार्य गर्न नसकेको अवस्थामा भविष्यमा प्राप्त हुने अनुदान तथा अन्य रकम रोक्का राख्न वा निलम्वन गर्न सक्नेछ।

(५) प्रत्येक प्रादेशिक क्रिकेट सघंमा निम्न बमोजिम जम्मा तेह (१३) जना सदस्यहरु रहने गरि प्रादेशिक कार्यकारी समिति गठन गरिनेछ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| अपाध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ९ |

(६) प्रादेशिक कार्यकारी समितिका सदस्यहरु प्रादेशिक साधारण सभाका सदस्यहरुबाट निर्वाचित गरिनेछ। तर प्रत्येक जिल्लाबाट कम्तिमा एक (१) जना सदस्य निर्वाचित हुनुपर्नेछ।

(७) प्रादेशिक कार्य समितिका सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र सदस्यहरु अर्को थप एक पदावधिका लागि पूनः सोही पदमा नियुक्त हुन सक्नेछन।

(८) प्रादेशिक कार्य समितिको सदस्यहरु मध्ये कम्तीमा एकजना महिला हुनुपर्नेछ।

(९) प्रादेशिक कार्य समितिको बैठक सम्बन्धी व्यवस्था संघबाट पारित गरिएको सम्वन्धित प्रादेशिक क्रिकेट सघंको विनियमावलीमा उल्लेख गरेबमोजिम हुनेछ।

परिच्छेद ४

**जिल्ला क्रिकेट संघको गठन**

**९. जिल्ला क्रिकेट संघ**

(१) जिल्ला क्रिकेट संघको गठन यो विधान बमोजिम गरिनेछ। जिल्ला क्रिकेट संघको अधिकार क्षेत्र नेपालको संविधानले तोकेको सम्बन्धित जिल्लाको क्षेत्र भित्र मात्र सीमित हुनेछ।

(२) जिल्ला क्रिकेट संघका लागि संघले तयार गरिएको विनियमावली जिल्ला क्रिकेट संघमा लागू हुनेछ र उक्त विनियमावलीलाई सम्बन्धित जिल्ला क्रिकेट संघले पालना गर्नुपर्नेछ।

(३) जिल्ला क्रिकेट संघले आफ्नो निर्धारित जिल्ला क्षेत्र भित्र क्रिकेट खेललाई प्रोत्साहित, विकास, व्यवस्थित, संचालित तथा आफ्नो नियन्त्रणमा राख्ने आदि जिम्मेवारी हुनेछ।

(४) जिल्ला क्रिकेट संघले क्रिकेट प्रतियोगिता आयोजना तथा व्यवस्थापन सम्बन्धी कृयाकलाप गर्न आवश्यक समन्वयकारीको भूमिका निर्वाह गर्नेछ।

(५) जिल्ला क्रिकेट संघले आफ्नो प्रयोजनका लागि सम्वन्धित प्रादेशिक क्रिकेट संघवाट रकम प्राप्त गर्न वा आफ्नो प्रयासबाट संकलन गर्न सक्नेछ। जिल्ला क्रिकेट संघले प्राप्त गरेको रकमहरुको सुव्यवस्थित, पारदर्शी ढंगबाट प्रयोग भएको हुने कुरालाई सुनिश्चित गर्नु पर्नेछ र प्रत्येक वर्ष वार्षिक आर्थिक प्रतिवेदन लेखा परिक्षण गराई आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र लेखा परिक्षकले प्रमाणित गरेको वार्षिक आर्थिक विवरण प्रादेशिक क्रिकेट संघ र संघलाई उपलब्ध गराउनु पर्नेछ। सो कार्य गर्न नसकेको अवस्थामा भविष्यमा प्राप्त हुने अनुदान तथा अन्य रकम रोक्का राख्न वा निलम्बन गर्न सक्नेछ।

(६) प्रत्येक जिल्ला क्रिकेट संघमा निम्न बमोजिम जम्मा पन्ध्र (१५) जना सदस्यहरु रहने गरी जिल्ला कार्यकारी समिति गठन गरिनेछ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ११ |

(७) जिल्ला कार्यकारी समितिका सदस्यहरु जिल्ला साधारण सभाका सदस्यहरुबाट निर्वाचित गरिनेछ।

(८) जिल्ला कार्य समितिको सदस्यहरुमध्ये कम्तिमा एक जना महिला हुनु पर्नेछ।

(९) जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल कार्यकाल चार (४) वर्षको हुनेछ।

(१०) जिल्ला कार्य समितिको बैठक सम्बन्धी व्यवस्था संघबाट पारित गरिएको सम्बन्धित जिल्ला क्रिकेट संघको विनियमावलीमा उल्लेख गरेबमोजिम हुनेछ।

परिच्छेद ५

**साधारण सभा**

**१०. केन्द्रिय साधारण सभाको गठनः**

(१) संघको केन्द्रीय साधारण सभामा देहायबमोजिमका सदस्यहरु रहनेछनः

(क) केन्द्रीय कार्य समितिका सदस्यहरु,

(ख) प्रादेशिक कार्य समितिले प्रत्येक दुई (२) जिल्ला बराबर एक (१) जना निर्वाचित प्रतिनिधि मनोनित गर्नेछ र त्यसरी प्रतिनिधि मनोनीत गर्दा कुनै एक जिल्लाबाट एक (१) भन्दा बढी प्रतिनिधि मनोनीत नहुने कुरालाई सुनिश्चित गर्नु पर्नेछ।

CamScanner

**स्पष्टिकरण:-** जिल्लाको संख्या विजोर भएको अवस्थामा प्रतिनिधिको संख्या गणना गर्ने प्रयोजनका लागी एक (१) संख्या जोडी जोर संख्या बनाईनेछ। उदाहरणका लागीः पाँच (५) जिल्ला भएका प्रदेशलाई छ(६) जिल्लाहरु भएको मानि तीन (३) प्रतिनिधि मनोनीत गर्न पाउँनेछ।

(ग) प्रत्येक जिल्ला क्रिकेट संघबाट साधारण सभाका लागि निर्वाचित एक (१) जना व्यक्ति,

(घ) संघद्वारा मान्यता प्राप्त देहायका प्रत्येक संघहरुवाट एक-एकजना मनोनित प्रतिनिधि

(१) खेलाडी संघबाट पूर्व खेलाडी,

(२) निर्णायक तथा स्कोरर संघ र

(३) प्रशिक्षक संघ

(२) केन्द्रीय कार्य समितिले बढीमा तीन (३) संस्थागत प्रतिनिधिहरुलाई केन्द्रीय साधारण सभामा मताधिकार विना परिवेक्षकको रुपमा भाग लिन पाउने गरी मनोनयन गर्न सक्नेछ।

(३) उपधारा १(घ) अन्तर्गत मनोनीत व्यक्ति केन्द्रीय कार्य समितिको सदस्यको रुपमा निर्वाचित हुन सक्ने छैन्।

**११. केन्द्रीय साधारण सभाको काम, कर्तव्य र अधिकारः**

केन्द्रीय कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) केन्द्रीय साधारण सभा साधारणतया वर्षको एक (१) पटक बस्नेछ। तर यस व्यवस्थाले विशेष साधारण सभाको बैठक बस्न केन्द्रीय कार्य समितिलाई व्यवधान पुर्याएको मानिने छैन।

(ख) केन्द्रीय साधारण सभाका जम्मा सदस्यहरु मध्ये एक तिहाई सदस्यहरुले केन्द्रीय साधारण सभाको बैठक बोलाउन लिखित रुपमा माग गरेको अवस्थामा केन्द्रीय कार्य समितिले केन्द्रीय साधारण सभाको विशेष साधारण सभाको बैठक दुई महिनाभित्र अनिवार्य रुपले बोलाउनु पर्नेछ।

(ग) केन्द्रीय कार्य समितिले बार्षिक साधारण सभाको बैठक बोलाउँदा २१ दिन पुर्व सुचना दिनुपर्नेछ र विशेष साधारण सभाको बैठक बोलाउँदा ७ दिन पुर्व सुचना दिनु पर्नेछ। साधारण सभाको बैठकको सुचनामा छलफलका विषय, स्थान, मिति र समय समावेश गर्नुपर्नेछ।

(घ) केन्द्रीय साधारण सभाको सदस्यहरु मध्ये ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएको अवस्थामा गणपुरक संख्या पुरा भएको मानिनेछ।

(ङ) केन्द्रीय कार्य समितिका अध्यक्षले केन्द्रीय साधारण सभाको बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ र उपाध्यक्षको पनि अनुपस्थिति भएमा उपस्थित सदस्यहरु मध्ये छानिएको सदस्यले अध्यक्षता गर्नेछ।

(च) केन्द्रीय कार्य समितिले छलफलका विषयलाई केन्द्रीय कार्य समितिमा निर्णयका लागी प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ।

(छ) निर्वाचनको प्रकृया बाहेकको अवस्थामा छलफलका विषयमा मतदान हात उठाएर गर्न सक्नेछ तर आवश्यक भएको अवस्थामा गोप्य मतपत्रको माध्यमले पनि मतदान गर्न सक्नेछ। बैठकको अध्यक्षता गर्ने व्यक्तिले मत बराबर भएको अवस्थामा मात्र आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

(ज) बैठकमा बहुमतबाट निर्णय भएका विषयलाई केन्द्रीय साधारण सभाको निर्णयको रुपमा मानिनेछ। अध्यक्ष, सचिव र केन्द्रीय साधारण सभाबाट मनोनीत सदस्यले साधारण सभाको निर्णयमा हस्ताक्षर गर्नेछन।

(झ) केन्द्रीय साधारण सभाको बैठकको एउटा छुट्टै निर्णय पुस्तिका हुनेछ।

(ञ) केन्द्रीय साधारण सभामा केन्द्रीय कार्य समितिले छलफलका लागी पेश गरेको विषयहरु उपर छलफल गरी निर्णय गरिनेछ।

(ट) केन्द्रीय साधारण सभाले लेखा परीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्नेछ वा केन्द्रीय कार्य समितिले नियुक्ति गरेको लेखा परीक्षकलाई स्विकृत गर्नेछ।



CamScanner

(ठ) केन्द्रीय साधारण सभाले लेखा परीक्षकको प्रतिवेदनमा छलफल गरी निर्णय गर्नेछ।

(ड) केन्द्रीय साधारण सभाले संघको वार्षिक कार्यक्रम र बजेट पारित गर्नेछ।

(ढ) केन्द्रीय साधारण सभाले कार्य समितिका सदस्यहरु विरुद्ध पेश गरिएका अविश्वासको प्रस्ताव माथी छलफल गरी निर्णय गर्नेछ। केन्द्रीय कार्य समितिका पचास प्रतिशत भन्दा बढी सदस्यहरुको विरोधमा पेश गरिएको अविश्वासको प्रस्ताव पारित भएको अवस्थामा निर्वाचन सम्पन्न गर्नका लागी साधारण सभाले तत्काल तदर्थ केन्द्रीय कार्य समितिको गठन गर्नेछ।

(ण) केन्द्रीय कार्य समिति मार्फत केन्द्रिय साधारण सभाको बैठक हुने मिति भन्दा तीन दिन अगावै ल्याईएका छलफलका विषयहरुलाई साधारण सभाको बैठकमा पेश गरी त्यस्ता छलफलका विषयमा छलफल गरी निर्णय गर्नेछ तर अविश्वासको प्रस्तावलाई यस प्रकारले छलफलका लागी पेश गर्न पाईने छैन।

(त) केन्द्रीय साधारण सभाको बैठकमा विधान संशोधन सम्वन्धि प्रस्ताव पेश भएको अवस्थामा कुल सदस्यहरुको दुई तिहाई बहुमतले सो प्रस्तावको पक्षमा मतदान गरेको अवस्थामा केन्द्रीय साधारण सभाबाट पारित भएको मानिनेछ।

(थ) केन्द्रीय साधारण सभाले संघको उद्येश्य लागु गर्ने शिलशिलामा उपयुक्त र उचित लागेको कार्य गर्न गराउन सक्नेछ।

(द) केन्द्रीय साधारण सभाको सचिवालयको काम केन्द्रीय कार्य समितिको सचिवालय र कार्यालयबाट गरिने छ।

**१२. प्रादेशिक क्रिकेट संघको साधारण सभा**

(१) प्रत्येक प्रादेशिक क्रिकेट संघमा देहायका सदस्यहरु रहने गरी प्रादेशिक साधारण सभा गठन हुनेछ।

(क) प्रादेशिक कार्य समितिका सदस्यहरु,

(ख) सम्वन्धित प्रदेशका जिल्ला क्रिकेट संघहरुबाट प्रतिनिधिको रुपमा निर्वाचित चार (४) जना व्यक्ति,

(२) प्रादेशिक कार्य समितिले बढीमा तीन (३) संस्थागत प्रतिनिधिहरलाई प्रादेशिक साधारण सभामा मताधिकार विना परिवेक्षकको रुपमा भाग लिन पाउने गरी मनोनयन गर्न सक्नेछ।

(३) प्रादेशिक साधारण सभाको बैठक सम्बन्धी व्यवस्था केन्द्रीय कार्य समितिबाट पारित गरिएको सम्वन्धित प्रादेशिक क्रिकेट संघको विनियमावलीमा उल्लेख गरे बमोजिम हुनेछ।

**१३. प्रादेशिक साधारण सभाको काम, कर्तव्य र अधिकार**

प्रादेशिक क्रिकेट संघको प्रादेशिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) वार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने।

(ख) प्रादेशिक कार्य समितिको सदस्यको निर्वाचन गर्ने।

(ग) प्रादेशिक क्रिकेट संघको साधारण सभाको अन्य काम, कर्तव्य र अधिकार संघबाट पारित गरिएको विनियमावलीमा तोकेबमोजिम हुनेछ।

**१४. जिल्ला क्रिकेट संघको साधारण सभा**

(१) प्रत्येक जिल्ला क्रिकेट संघमा देहायका सदस्यहरु रहने गरी जिल्ला साधारण सभा गठन हुनेछ।

(क) जिल्ला कार्य समितिको पदाधिकारी तथा सदस्यहरु।

(ख) जिल्ला क्रिकेट सघंको सदस्यता प्राप्त साधारण सदस्यहरु।

(ग) जिल्ला क्रिकेट संघलाई आर्थिक वा आफ्नो अनुभवले सारभूतरुपले सहयोग गर्ने व्यक्तिहरु मध्येबाट जिल्ला कार्य समितिले मनोनयन गरेका तीन ३ जना व्यक्तिहरु।

(२) उपधारा १ ग वमोजिम मनोनित व्यक्ति जिल्ला कार्य समितिको सदस्य हुन योग्य हुनेछैन।

(३) जिल्ला क्रिकेट संघको साधारण सभाको अन्य काम, कर्तव्य र अधिकार संघबाट पारित गरिएको विनियमावलीमा तोके बमोजिम हुनेछ।



CamScanner

**१५. जिल्ला क्रिकेट संघको साधारण सभाको काम, कर्तव्य र अधिकार**

जिल्ला क्रिकेट संघको जिल्ला साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) वार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने ।

(ख) जिल्ला कार्य समितिको सदस्यहरुको निर्वाचन गर्ने ।

(ग) जिल्ला क्रिकेट संघको साधारण सभाको अन्य काम, कर्तव्य र अधिकार संघद्धारा अनुमोदित विनियमावलीमा तोके बमोजिम हुनेछ ।

**१६. निर्देशन लागू गर्ने अधिकार**

केन्द्रीय कार्य समितिले प्रादेशिक तथा जिल्ला कार्य समिति र तिनका सदस्यहरुलाई काम, कर्तव्य र अधिकारको प्रत्यायोजन गर्ने सम्बन्धमा विनियमावली र निर्देशिका बनाउँन सक्नेछ । प्रादेशिक तथा जिल्ला कार्य समितिले संघको उद्देश्य विपरित गई कार्य गरेको भन्ने कुरा प्रमाणित भएमा केन्द्रीय कार्य समितिले सम्बन्धित प्रादेशिक वा जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकारलाई निलम्वित गर्न सक्नेछ ।

## परिच्छेद ६

## केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार

**१७. केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार**

प्रचलित ऐन, कानून, नियम र परिषदले जारी गरेका निर्देशनहरुको अधिनमा रहि केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

(१) केन्द्रीय कार्य समितिले गर्ने भनि ऐन, कानून, विनियम, नियम, विधान र केन्द्रीय कार्य समितिलाई तोकिएको अन्य कार्यहरु गर्ने गराउने र आवश्यक कानूनी परामर्शका लागि कानूनी सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) परिषदसँग आवद्धता लिई क्रिकेट खेलको विकास र विस्तारका लागि क्रियाशिल रहने ।

(३) संघको उद्देश्य प्राप्तिका लागि संघका कार्यहरु संचालन गर्ने गराउने र जिल्ला स्तरीय, प्रदेश स्तरिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरियको क्रिकेट खेलको आयोजना तथा संचालन गर्ने गराउने ।

(४) केन्द्रीय साधारण सभावाट पारित गरेका बजेट र कार्यक्रम कार्यान्वयन गर्ने र त्यसरी पारित भएका बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सूनिश्चित गर्नका लागि आवश्यक संशोधन गर्ने । त्यस्ता संशोधनलाई आगामी साधारण सभामा छलफल तथा अभिलेखका लागि पेश गर्ने ।

(५) क्रिकेट खेलको प्रतियोगिता (टुर्नामेन्ट) को आयोजना गर्ने गराउने ।

(६) आर्थिक स्रोतहरु संकलन गर्ने तथा आर्थिक स्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(७) खेल र खेलकूदको विकास र विस्तारका लागि एसिसी र आईसिसी आदी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद सँग सम्वन्धित संघ संस्थाहरु सँग सम्पर्क तथा सहकार्य गर्ने ।

(८) क्रिकेट खेलको विकासका लागि विभिन्न समितिहरु जस्तै प्रतियोगिता समिति, प्राविधिक समिति, छनौट समिति, निर्णायक समिति आदि गठन गर्ने ।

(९) प्रादेशिक तथा जिल्ला क्रिकेट संघहरु बीच समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

(१०) क्रिकेट खेलको विकास र प्रतियोगिता आयोजनाका लागि प्रादेशिक र जिल्ला क्रिकेट संघलाई आवश्यक सहयोग गर्ने ।

(११) सदस्यता प्रदान गर्ने प्रस्ताव उपर छलफल गर्ने र सदस्यता प्रदान गर्ने वा नगर्ने सम्बन्धी निर्णय दिने वा प्रष्ट गर्ने ।

(१२) संघको वार्षिक लेखा परिक्षण गर्ने गराउने ।

(१३) क्रिकेट खेलकुदको विकास र विस्तारका सम्बन्धमा नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषदलाई राय सल्लाह र सुझाव दिने र राष्ट्रिय खेलकुद परिषद तथा नेपाल सरकारले दिएको निर्देशन पालना गर्ने गराउँने ।

(१४) क्रिकेट खेलका खेलाडी र प्रशिक्षकहरुको अभिलेख राख्ने र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडकीको हक हित र कल्याणका लागि सक्दो सहयोग पुर्याउने कार्यक्रमहरु लागु गर्ने ।

(१५) क्रिकेट खेलको विकास र विस्तारका लागि देखा परेका समस्या समाधानका लागि कार्यहरु गर्ने गराउने र सोका लागि सम्बन्धित निकायसँग सहयोग लिने दिने ।

(१६) संघसँग सम्बन्धित सभा, सम्मेलनमा भाग लिने वा भाग लिनका लागि योग्य व्यक्ती तोक्ने र त्यस्ता कार्यक्रमहरु आफैं आयोजना गर्ने ।

(१७) प्रचलित ऐन, कानून तथा एसिसी र आईसिसीको प्रकृया पूरा गरी अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता तथा तालिम गोष्ठी सेमिनारमा भाग लिन प्रतिनिधि पठाउने र सो स्तरको प्रतियोगिता तालिम, गोष्ठी, सेमिनारको आयोजना गर्ने ।

(१८) प्रादेशिक र जिल्ला क्रिकेट सघंको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार तोक्ने र अन्य आवश्यक नीति, निर्देशन जारी गर्ने ।

(१९) सघंको विधानमा कुनै व्यक्ति विशेष वा पदाधिकारीले गर्ने भनि नतोकिएकोमा त्यस्ता कामहरु गर्ने गराउने ।

(२०) विभिन्न प्रकारका सदस्यहरुलाई लाग्ने सदस्यता शुल्क निर्धारण गर्ने । यस व्यवस्थाले सदस्यता शूल्क बढाउन बाधा पुर्याएको मानिने छैन ।

(२१) संघको उद्देश्यहरु प्राप्त गर्नका लागि अन्य भैपरि आउने कार्यहरु गर्ने गराउँने ।

(२२) मातहतका निकाय वा संघहरुलाई निर्देशन जारी गर्ने र अनुशासनात्मक कार्वाही गर्ने ।

(२३) क्रिकेट खेलको नियम उल्लघंन गर्ने खेलाडी, रेफ्री, प्रशिक्षक, पदाधिकारी र सदस्यहरु विरुद्ध अनुशासनात्मक कार्वाही गर्ने ।

## परिच्छेद ७
## केन्द्रीय कार्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१८.केन्द्रीय कार्य समितिका पदाधिकारीहरुको अधिकार, काम, कर्तव्य:**

केन्द्रीय कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

**(१) अध्यक्ष**

(क) केन्द्रीय कार्य समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) केन्द्रीय कार्य समितिको निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा मूल्याकंन तथा नीरिक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) विधान वमोजिम तोकिएको र अध्यक्षको हैसियतले गर्नुपर्ने दैनिक कार्यहरु गर्ने ।

(घ) क्रिकेट खेलको विकासका लागि राष्ट्रिय खेलकुद परिषदसँग समन्वय गर्ने ।

(ङ) संघलाई नेतृत्व दिने र राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा संघको प्रतिनिधित्व गर्ने ।

**(२) उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने गराउँने ।

(ख) अध्यक्ष वा केन्द्रीय कार्य समितिले निर्दिष्ट गरेका अन्य कामहरु गर्ने गराउने ।

**(३) सचिव**

(क) अध्यक्षसँग परामर्श गरी केन्द्रीय कार्य समितिको बैठक बोलाउने ।

(ख) केन्द्रीय कार्य समितिको बैठकमा छलफलका बिषयहरु प्रस्तुत गर्ने ।

CamScanner

(ग) केन्द्रीय कार्य समितिको निर्णयहरु कार्यान्वय गर्ने गराउने ।
(घ) निर्णय पुस्तिका राख्ने र संघको कागजातहरु अभिलेख गर्ने तथा सुरक्षित राख्ने ।
(ङ) संघको दैनिक कार्य तथा प्रबन्धको व्यवस्था गर्ने गराउँने ।
(च) केन्द्रीय कार्य समितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने ।
(छ) संघको तर्फबाट पत्राचार गर्ने ।
(ज) निर्णय, आदेश र कागजातहरुको प्रतिलिपि प्रमाणित गर्ने ।
(झ) अध्यक्षको परामर्श गरी प्रतिनिधित्व गर्नु पर्ने ठाउँमा प्रतिनिधित्वको व्यवस्था गर्ने ।
(ञ) केन्द्रीय कार्य समितिको प्रतिवेदन प्रस्तुत गर्ने ।
(ट) संघको आवधिक प्रतिवेदन तथा प्रगति विवरण सम्बन्धित निकाय वा अधिकारीलाई प्रेशित गर्ने ।
(ठ) क्रिकेट खेलसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क गर्ने गराउँने ।
(ड) वार्षिक तथा खेल कार्यक्रमको तालिका निर्धारण गरी स्विकृतिको लागि केन्द्रीय कार्य समितिमा पेश गर्ने ।
(ढ) अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।
(ण) अध्यक्षको पूर्व लिखित स्वीकृति लिई वजेटमा नतोकिएका संघको दैनिक खर्चका लागि रु २५,०००। सम्मको पेश्की खर्च गर्ने । ति खर्चहरु अनुमोदनका लागि आगामी केन्द्रीय कार्य समितिको बैठकमा पेश गर्ने ।
(त) प्रशासनिक आदेश दिने, खर्चको स्वीकृति गर्ने गराउने ।

**(४) कोषाध्यक्ष**

(क) संघको आर्थिक कारोवार सम्बन्धी कार्यको जिम्मेवारी लिने ।
(ख) संघको हिसाव किताव तथा अभिलेख अद्यावधिक राख्ने ।
(ग) बजेट र त्यसको विवरण केन्द्रीय कार्य समितिमा प्रस्तुत गर्ने ।
(घ) संघको नाममा बैकं खाता खोल्ने ।
(ङ) केन्द्रीय कार्य समितिको निर्णय वमोजिम संघको बैकं खाता सञ्चालन गर्ने ।
(च) संघको कोष र लेखा विधिवत रुपमा राख्ने र संघको सम्पत्ति तथा दायित्व, आय र व्यय जनाउने हिसाव राख्ने र त्यसको लेखा परिक्षण गराउने ।
(छ) संघको कोष तथा लेखाको सम्पूर्ण जिम्मेवारी वहन गर्ने ।
(ज) संघको जिन्सी सामानको भौतिक सुपरिवेक्षण गराउँने ।
(झ) संघको आय अद्यावधिक अभिलेख राख्ने र बक्यौताहरु उठाउने ।
(ञ) नेपाल सरकारद्वारा जारी गरिएको सार्वजनिक खरिद ऐन तथा आन्तरिक आर्थिक नीति कार्यान्वयन गर्ने गराँउने ।

## परिच्छेद ८
## संक्रमनकालिन व्यवस्था

**१९ खारेजी**

यो विधान लागु भएपश्चात

(क)हाल कायम रहेको संघको विधान बमोजिम गठन भएका वर्तमान क्षेत्रिय क्रिकेट विकास समिती स्वतः खारेज हुनेछ ।
(ख)हाल कायम रहेको संघको विधान बमोजिम स्थापित वर्तमान साधारण सभाहरु स्वतः खारेज हुनेछन ।



CamScanner

(ग) हाल कायम रहेको संघको विधान बमोजिम गठन भएका वर्तमान जिल्ला कार्य समिती यस विधानको धारा २० बमोजिमको तदर्थ कार्य समितीको रुपमा परिणत हुनेछ।

(घ) हाल कायम रहेको संघको विधान बमोजिम प्रदान गरिएका संघका वर्तमान सदस्यहरुको सदस्यता यस विधानमा तोकिएको सदस्यता सम्वन्धी योग्यता पुरा भए नभएको मुल्याँकन गरि योग्यता पुरा गरेका सदस्यलाई निरन्तरता दिनेछ।

(ङ) यो तेश्रो संशोधित विधान लागु भएपश्चात वर्तमान केन्द्रीय कार्य समितीका सत्र (१७) सदस्यहरु निलम्बनमा रहनेछ। तर यो तेश्रो संशोधनलाई पारित गरेपश्चात बस्ने पहिलो केन्द्रीय साधारण सभामा मतदान गर्ने अधिकार विना सहभागी जनाउन सक्नेछ। वर्तमान केन्द्रीय कार्य समितीका कुनै सदस्यले केन्द्रीय कार्य समितीको पदाधिकारी तथा सदस्यको लागि मनोनयन पेश गर्न चाहेमा धारा २३ मा उल्लेख गरे बमोजिम जिल्ला क्रिकेट संघको सदस्यता हासिल गरि धारा १०, १२ र १४ को प्रकृया पुरा गरि जिल्ला क्रिकेट संघ तथा प्रादेशिक क्रिकेट संघबाट केन्द्रीय साधारण सभामा मनोनयन वा निर्वाचित भएको हुनुपर्नेछ।

(च) वर्तमान कार्य समितीले यस विधान बमोजिम निर्वाचित हुने नयाँ केन्द्रीय कार्य समितीलाई पदभार हस्तान्तरण गर्नेछ।

**२०. तदर्थ कार्य समितीको गठनः**

१. यो संशोधित विधान लागु भएपश्चात वर्तमान जिल्ला कार्य समिति स्वतः तदर्थ कार्य समितीमा परिणत हुनेछन्।

२. तदर्थ कार्य समितीको कार्यकाल यो विधान लागु भएको मितिदेखि पैँतालिस (४५) दिन वा धारा २१ बमोजिम जिल्ला कार्य समितीको निर्वाचन सम्पन्न नभए सम्मको अवधि मध्ये जुन पहिले हुन्छ सो अवधिसम्म कायम रहनेछ।

**२१ तदर्थ कार्य समितीको काम, कर्तव्य र अधिकारः**

१. यो संशोधित विधानमा तोकिएको सदस्य सम्वन्धी योग्यता पुगेका व्यक्तिहरुलाई साधारण सदस्यता प्रदान गर्ने।

२. यो विधान लागु भएको मितिले पैँतालिस (४५) दिन भित्र जिल्ला साधारण सभाको बैठक बोलाई यस विधानमा उल्लेख गरे बमोजिम जिल्ला कार्य समितीका सदस्यहरुको निर्वाचन सम्पन्न गराउने।

३. क्रिकेट खेलको विकासको लागि आवश्यक कार्य गर्ने र आफ्नो क्षेत्रभित्र प्रतियोगिताको आयोजना गर्ने।

**२२ अन्यः**

१. सम्पूर्ण जिल्लाहरुमा जिल्ला क्रिकेट संघको गठन गर्न नसकेको कारण मात्र तदर्थ कार्य समितीहरुको स्वतः खारेजिमा कुनै असर पर्ने छैन। सम्वन्धित प्रादेशिक कार्य समितीको सिफारीस र केन्द्रीय कार्य समितीबाट निर्णय गरी संघले जिल्ला क्रिकेट संघको गठन गर्न र मान्यता प्रदान गर्न सक्नेछ।

२. धारा २०(१) बमोजिम गठन भएको तदर्थ कार्य समितीको सदस्यहरुले साधारण सदस्यता सम्वन्धी योग्यता पुरा गरी धारा २३ बमोजिम सदस्यता प्राप्त गर्न सक्नेछ। तर तदर्थ कार्य समितीको सदस्य हुनको लागि सदस्यताको योग्यता लागु हुने छैन।

३. यो तेश्रो संशोधित विधानको धारा २२ (५)(च) बमोजिम केन्द्रीय कार्य समिती गठन नभए सम्मका लागि पुनर्संरचना प्रकृयासँग सम्वन्धित सुशासनको व्यवस्था अवलोकन गर्नका लागि देहाय बमोजिमका पाँच (५) सदस्यहरु रहने गरी स्वतन्त्र टोलीको गठन गरिनेछ।

क) आईसिसीले मनोनयन गरेका तीन (३) जना प्रतिनिधीहरु,

ख) राष्ट्रिय खेलकुद परिषदबाट मनोनयन गरिएको एक (१) जना प्रतिनिधी, र

ग) वर्तमान केन्द्रीय कार्य समितीबाट मनोनयन गरिएको एक (१) जना प्रतिनिधी।



CamScanner

४. उपधारा (३) बमोजिम गठन हुने स्वतन्त्र टोलीका सदस्यहरुले यस विधानमा उल्लेख गरे बमोजिमको सदस्यता सम्वन्धी योग्यता पुरा गरी संघको सदस्यता प्राप्त गर्न सक्नेछन तर यो विधान बमोजिम निर्वाचनद्वारा गठन गरिने पहिलो कार्य समितीको सदस्यको रुपमा निर्वाचित हुन पाउने छैन।

५. स्वतन्त्र टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क यो संशोधित विधानमा उल्लेखित सदस्यता सम्वन्धी योग्यता पुरा गरेको व्यक्तिलाई मात्र सदस्यता प्रदान गरेको तथा सदस्यता सम्वन्धी योग्यता पुरा गरेको सम्पूर्ण ईच्छुक व्यक्ति तथा संस्थालाई सदस्यता दिए नदिएको एकिन गर्नका लागि विस्तृत अध्ययन गर्ने,

ख) स्वतन्त्र टोलीले अन्यथा निर्णय नगरेको अवस्थामा बाहेक दोश्रो संशोधित व्यवस्था बमोजिम तदर्थ कार्य समितीले निर्वाचन गराएका सम्पूर्ण जिल्ला क्रिकेट संघहरुमा पुनः निर्वाचन सम्पन्न गरिनेछ। जिल्ला क्रिकेट संघले संशोधित सदस्यको योग्यता बमोजिम सदस्यता प्रदान गरी स्वतन्त्र निर्वाचन गरेको भएमा प्रत्येक जिल्ला क्रिकेट संघले उक्त तथ्यलाई समर्थन गर्ने सम्पूर्ण कागजात तथा अन्य प्रमाणहरु संलग्न गरी स्वतन्त्र टोलीले तोकेको समयवधि भित्र स्वतन्त्र टोली समक्ष निवेदन पेश गर्नुपर्नेछ।

ग) कार्य समितीका सदस्यहरुको निर्वाचन गर्नका लागि जिल्ला (पुनः निर्वाचन गर्न आवश्यक भएमा) प्रादेशिक तथा केन्द्रीय साधारण सभाको बैठक बोलाउने र निर्वाचन सम्पन्न गर्ने।

घ) सदस्यता तथा निर्वाचनसँग सम्वन्धित कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने।

ङ) जिल्ला साधारण सभाको बैठकबाट जिल्ला कार्य समितीका सदस्यहरुको निर्वाचन सम्पन्न भई जिल्ला कार्य समिति गठन भएको मितीले तीस (३०) दिन भित्र प्रादेशिक साधारण सभाको बैठक बोलाई प्रादेशिक कार्य समितीका सदस्यहरुको निर्वाचन सम्पन्न गराउनेछ।

च) प्रादेशिक साधारण सभाको बैठकबाट प्रादेशिक कार्य समितीका सदस्यहरुको निर्वाचन सम्पन्न भई प्रादेशिक कार्य समिती गठन भएको मितिले तीस (३०) दिन भित्र केन्द्रीय साधारण सभाको बैठक बोलाई केन्द्रीय कार्य समितीका सदस्यहरुको निर्वाचन सम्पन्न गराउनेछ।

छ) निर्वाचन तथा पूनः निर्वाचन गर्नका लागि जिल्ला, प्रादेशिक तथा केन्द्रीय साधारण सभाको बैठक सात (७) दिनको सुचना दिई बोलाउने छ।

ज) स्वतन्त्र टोलीले यस विधान बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्नका लागि आवश्यक प्रकृया तथा मापदण्ड तयार गरी लागु गर्न सक्नेछ।

६ यस विधान बमोजिम नयाँ केन्द्रीय कार्य समिती गठन भएपश्चात स्वतन्त्र टोली स्वतः खारेज हुनेछ।

७ "सल्लाहकार टोली" भन्नाले आईसिसीको निर्णय बमोजिम गठन गरिएको आठ (८) सदस्यिय टोलीलाई सम्झनु पर्नेछ।

८. यस विधानको अनुसुची २ मा उल्लेखित प्रादेशिक क्रिकेट संघ नम्बर ६ मा हाल एउटा मात्र जिल्ला क्रिकेट संघ रहेको छ। तसर्थ प्रादेशिक कार्य समितीको पहिलो चार वर्षको कार्यकालका लागि प्रादेशिक क्रिकेट संघ नम्बर ५ र ६ लाई एउटै प्रादेशिक क्रिकेट संघको रुपमा राखिनेछ। यस चार वर्षिय अवधिमा प्रादेशिक क्रिकेट संघ नम्वर ६ ले कम्तीमा चारवटा जिल्ला क्रिकेट संघको गठन गर्नुपर्नेछ र चार वर्षको अवधि समाप्त भएपश्चात विधान बमोजिम प्रादेशिक क्रिकेट संघ नम्बर ६ ले छुट्टै प्रादेशिक क्रिकेट संघको हैसियत प्राप्त गर्नेछ।

९. यस विधानमा अन्यथा जुनसुकै कुरा लेखिएको भएतापनि धारा २०(१) बमोजिम गठन भएका तदर्थ कार्य समिती धारा २०(२) बमोजिम खारेज गरिएको छ ।

१०. थप मान्याता प्राप्त जिल्लाहरुलाई अनुसुचिमा थप गरिनेछ ।

११. केन्द्रीय कार्य समितीको बैठकमा प्रदेश अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा आवश्यकताको आधारमा बोलाउन सकिनेछ ।

१२. केन्द्रीय कार्य समितीले एक (१) संयोजक सहित बढीमा पाँच (५) सदस्यिय सल्लाहकार समिती गठन गर्न सक्नेछ र सल्लाहकार समितीका सदस्यहरुलाई आवश्यकता अनुसार क्रिकेट खेलको विकासको लागि विभिन्न गतिविधीहरुमा संलग्न गराउन सक्नेछ ।

## परिच्छेद ९
## सदस्यता

### २३. संघको सदस्यता

(१) सदस्यता सम्बन्धी विनियमावली तथा यो विधानको व्यवस्थाको अधिनमा रहि सदस्यता हासिल गर्न योग्य व्यक्ति तथा क्लवलाई जिल्ला क्रिकेट संघको सदस्यता प्रदान गर्न सकिनेछ । संघको सदस्यता निम्न प्रकारका हुनेछ,

(क) मानार्थ सदस्य

(ख) साधारण सदस्य

(२) केन्द्रीय कार्य समितिले तल तोकिएका कुनै एउटा योग्यता पूरा गर्ने व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(क) क्रिकेट खेलमा धेरै लामो समयदेखि सेवा पुर्याउँदै आएका व्यक्ति वा संस्था,

(ख) क्रिकेट खेलका लागि प्रायोजक वा स्वयंसेवकको रुपमा विशिष्ठ योगदान पुर्याएका व्यक्ति ।

(ग) मानार्थ सदस्यता कुनै स्वदेशी तथा विदेशीलाई प्रदान गर्न सकिनेछ ।

(घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन ।

(ङ) अन्तर्राष्ट्रिय क्रिकेट जगतमा राष्ट्रिय खेललाई सम्मानजनक स्थान दिलाउँन योगदान पुर्याउने खेलाडी वा प्रशिक्षक वा निर्णायक वा स्कोरर ।

(३) जिल्ला कार्य समितिले देहाय बमोजिम योग्यता पुगेका व्यक्ति वा संस्थालाई साधारण सदस्यता प्रदान गरिनेछ,

(क) नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषदले आयोजना गरेको राष्ट्रिय स्तरको सिनियर क्रिकेट प्रतियोगितामा कम्तीमा तीन (३) वटा प्रतियोगिता खेलेको खेलाडी –महिला र पुरुष) । उक्त तीन (३) वटा खेल एक (१) वर्ष भित्रको नभै फरक फरक वर्षमा खेलिएको हुनु पर्नेछ । जुन जिल्ला बाट प्रतियोगिता खेलेको हो सोहि जिल्लाबाट सदस्यता लिनु पर्नेछ । यस उपधारा बमोजिम सदस्यता प्राप्त गर्ने खेलाडीले कार्य समितिको निर्वाचन हुनु भन्दा अगावैको कम्तीमा दुई वर्षको अवधिमा भएका राष्ट्रिय टोलीमा सहभागी नभएको अवस्थामा मात्र कार्य समितिको पदाधिकारी वा सदस्यको रुपमा निर्वाचित हुन सक्नेछ ।

(ख) अन्तर्राष्ट्रिय क्रिकेट खेलमा भाग लिएको प्रमाण पेश गर्न सक्ने पूर्व क्रिकेट खेलाडी (महिला र पुरुष) ।

(ग) एसीसी, आईसीसी, संघद्वारा मान्यता प्राप्त अन्य कुनै संस्थाबाट कम्तिमा एक (१) श्रेणीको क्रिकेट खेलको प्रमाणपत्र प्राप्त गरेका रेफ्री वा निर्णायक वा स्कोरर वा प्रशिक्षक ।

(घ) नेपाल क्रिकेट संघद्वारा आयोजित विगत आठ (८) वर्षमा कम्तिमा दुई (२) वटा जिल्ला स्तरीय क्रिकेट खेलमा सहभागी भएको प्रमाणको रुपमा प्रमाणित टाई सीट, प्रमाण पत्र वा स्कोर सीट पेश गर्ने दर्ता भएका वा नभएका क्लव वा टोली। दर्ता नभएका क्लव वा टोलीले सदस्यता प्राप्त गरेको छ (६) महिना भित्र सम्बन्धित स्थानीय तहको कार्यालयमा दर्ता हुनु पर्नेछ। दर्ता हुन नसकेको अवस्थामा सदस्यता स्वत खारेज हुनेछ।

(ङ) जिल्ला, क्षेत्रीय वा केन्द्रीय कार्य समितिमा कम्तिमा दुई पूर्ण कार्यकाल सेवा प्रदान गरेका व्यक्ति एवं नयाँ मान्यता प्राप्त जिल्लाको हकमा तदर्थ कार्य समितीका सदस्यहरु।

(च) साधारण सदस्यता नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ।

(४) साधारण सदस्यहरुलाई जिल्ला क्रिकेट संघको साधारण सभामा मतदान गर्ने अधिकार हुनेछ तर मानार्थ सदस्यहरुलाई मतदान गर्ने अधिकार हुनेछैन।

(५) साधारण सदस्यहरुले देहाय बमोजिमको प्रवेश शुल्क र वार्षिक सदस्यता नविकरण शुल्क तिर्नुपर्नेछ।

(क) व्यक्तिगत साधारण सदस्यले प्रवेश शुल्क स्वरुप रु ५०० (पाँच सय) र वार्षिक सदस्यता नविकरण शुल्कको स्वरुप रु २५० (दुई सय पचास) तिर्नु पर्नेछ।

(ख) संस्थागत साधारण सदस्यले प्रवेश शुल्क स्वरुप रु ५०००। (पाँच हजार) र वार्षिक सदस्यता नविकरण शुल्क स्वरुप रु १००० (एक हजार) तिर्नु पर्नेछ।

(६) साधारण सदस्यले सदस्यता प्राप्त गर्ने समयमा नै चार वर्षको अग्रिम सदस्यता शुल्क भुक्तान गर्नुपर्नेछ।

(७) विधानमा तोकिएको अवधिभित्र सदस्यता नविकरण गराउन नसकेमा साधारण सदस्यता स्वत खारेज हुनेछ।

(८) केन्द्रीय कार्य समितिले मानार्थ सदस्यता प्रदान गर्ने आफ्नो अधिकार प्रादेशिक र जिल्ला कार्य समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(९) केन्द्रीय कार्य समितिले सदस्यता शुल्क परिवर्तन गर्न सक्नेछ।

(१०) जुन जिल्ला क्रिकेट संघमा निवेदन पेश गरी साधारण सदस्यता प्राप्त गरेको हो सोही जिल्ला क्रिकेट संघमा निजको सदस्यता कायम रहनेछ। तर प्रादेशिक क्रिकेट संघले सिफारिस गरेको अवस्थामा केन्द्रीय कार्य समितिले एउटा जिल्ला क्रिकेट संघबाट अर्को जिल्ला क्रिकेट संघमा सदस्यता परिवर्तन गर्नका लागि अनुमति प्रदान गर्न सक्नेछ। कुनै पनि व्यक्तिले एक भन्दा बढी जिल्लाबाट साधारण सदस्यता प्राप्त गर्न सक्नेछैन।

**२४.सदस्य हुने योग्यता,**

सदस्यताको थप योग्यता देहाय बमोजिम हुनेछनः

(क) नेपाली नागरिकता प्राप्त गरेको नेपाली नागरिक हुनु पर्ने।

(ख) मगज नविग्रिएको व्यक्ति।

(ग) नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतबाट दोषि प्रमाणित नभएको व्यक्ति।

(घ) राष्ट्रिय खेलकुद परिषदको स्वीकृत कर्मचारीको हकमा परिषदले स्वीकृत प्रदान गरेको व्यक्ति।

(ङ) बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति वा आर्थिक हिनामिना वा भष्ट्राचारको मुद्दामाा अदालतबाट दोषि प्रमाणित नभएको व्यक्ति।

(च) दामासाहीमा नपरेको व्यक्ति।

(छ) वर्तमान जिल्ला वा क्षेत्रियवा वा केन्द्रीय संघबाट पेश्की लिएको व्यक्तिले सम्बन्धित जिल्ला कार्य समिति वा केन्द्रीय कार्य समिति तथा स्वतन्त्र टोलीले पेश्की फछ्यौद गर्नका लागि दिएको पैतिस (३५) दिने लिखित सूचना भित्र पेश्की फछ्यौट गरेको व्यक्ति वा संस्था।

## २५. सदस्यताको समाप्ती

संघको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ,

(क) सदस्यता नविकरण नगरेमा।

(ख) प्रादेशिक वा जिल्ला कार्य समितिको सिफारिस बमोजिम केन्द्रीय कार्य समितिले संघको उद्देश्य विपरित कार्य गरेको अभियोगमा कुनै निश्चित सदस्यको सदस्यता रद्द गर्ने निर्णय गरेमा। तर केन्द्रीय कार्य समिति समक्ष सदस्यता रद्द गर्नका लागि सिफारिस गर्नु पूर्व प्रादेशिक वा जिल्ला कार्य समितिले उक्त सदस्यलाई स्पष्टीकरण पेश गर्ने मौका प्रदान गर्नु पर्नेछ।

(ग) यस विधानमा उल्लेख गरिएका सदस्यता सम्बन्धी योग्यता कायम नराखेमा।

(घ) सम्बन्धित जिल्ला कार्य समितिले सदस्यले दिएको राजिनामा स्वीकृत गरेमा तर सोको सूचना केन्द्रीय कार्य समितिलाई दिनुपर्नेछ। मानार्थ सदस्यको राजिनामा केन्द्रीय कार्य समितिले स्वीकृत गर्नुपर्नेछ।

## २६.कार्य समितिका सदस्यहरुको पद समाप्ती,

(१) देहायको अवस्थामा केन्द्रीय, प्रादेशिक र जिल्ला कार्य समितिका सदस्यहरुको सदस्यता समाप्त हुनेछ,

(क) साधारण सदस्यता समाप्त भएमा।

(ख) मृत्यु भएमा।

(ग) सदस्यले दिएको राजिनामा स्वीकृत भएमा।

(घ) होस ठेगानामा नभएमा।

(ङ) सदस्यले विना सूचना लगातार तीन वटा बैठकमा सहभागी नभएमा।

(च) सदस्यले संघ, प्रादेशिक तथा जिल्ला क्रिकेट संघसँग सम्बन्धित आर्थिक विषय फछ्यौंट गर्नका लागि सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र फछ्यौंट गर्न नसकेमा।

(२) उपाध्यक्ष, कोषाध्यक्ष र सदस्यले आफ्नो राजिनामा अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

## २७.कार्य समितिका सदस्यको निलम्बन

केन्द्रीय, प्रादेशिक र जिल्ला कार्य समितिका सदस्यहरुलाई देहायको अवस्थामा निलम्बन गर्न सक्नेछ,

(क) आर्थिक हिनामिना गरेको भनी कार्य समितिको सदस्य विरुद्धको उजूरी कार्य समिति समक्ष पेश भएमा सो बारे आवश्यक अनुसन्धान गरी अनुशासन समितिले निलम्बनका लागि सिफारिस गरेमा सम्बन्धीत सदस्यहरुलाई अनुसन्धान अवधि सम्मका लागि निलम्बन गर्न सक्नेछ।

(ख) सम्बन्धित सरकारी निकायले कुनै सदस्यको विरुद्ध आर्थिक हिनामिना वा भ्रष्टाचार मुद्दा लगायतका फौजदारी मुद्दाका सम्बन्धमा अनुसन्धान शुरु गरेमा सम्बन्धित सदस्य छानविन र अदालती सुनुवाईको प्रकृयाको अवधि सम्मका लागि निलम्बन गरिनेछ।

## २८. पदपूर्ति

केन्द्रीय वा प्रादेशिक वा जिल्ला कार्य समितिको कुनै सदस्यको पद रिक्त भएको अवस्थामा साधारण सभाको बैठक नभएसम्मका लागि देहाय बमोजिम पदपूर्ति गरिनेछ,

(१) पूर्व पदाधिकारी सदस्यलाई सुम्पिएको जिम्मेवारी अन्य पदाधिकारीलाई सुम्पिन सक्नेछ। तर अध्यक्षको पद रिक्त भएको अवस्थामा उपाध्यक्षले निजको जिम्मेवारी वहन गर्नेछ।

(२) साधारण सभाको बैठक बस्नु भन्दा दुई महिना भन्दा कम अवधिमा कुनै निर्वाचित सदस्यको पद रिक्त भएमा अन्य सदस्यलाई जिम्मेवारी तोक्न कार्य समिति बाध्य हुने छैन।

(३) कार्य समितिले रिक्त पदको पदपूर्ती गर्नेछ।

(४) रिक्त पदको पदपूर्ति यस विधानको व्यवस्थाको अधिनमा रहि आगामी साधारण सभाबाट गरिनेछ।

## परिच्छेद १०
## व्यवस्थापन

**२९. संघको प्रशासन**

(१) संघको प्रशासनिक मुख्य कार्यालय स्थायी रुपमा काठमाण्डौमा रहनेछ। यो संघको सचिवालय हुनेछ।

(२) संघद्वारा नियुक्त गरिएका व्यवसायिक विज्ञ व्यक्तिले संघको दैनिक व्यवस्थापकीय (क्रिकेट सँग सम्बन्धित वा क्रिकेटसँग असम्बन्धित) कार्य सम्पादन गर्नेछन्।

**३०. क्रिकेटसँग असम्बन्धित विषय,**

(१) केन्द्रीय कार्य समितिको सुपरिवेक्षणमा महाप्रबन्धकले क्रिकेटसँग असम्बन्धित दैनिक कार्यहरु जस्तै कार्य संचालन, प्राविधिक, मानव संशाधन, अर्थ र संचारको उचित व्यवस्थापन गर्नेछ।

(२) यस विधान बमोजिम नियुक्त गरिएका प्रबन्धकहरु तथा अन्य कर्मचारीहरुले महाप्रबन्धकलाई आवश्यक सहयोग प्रदान गर्नेछ।

**३१. क्रिकेट सम्बन्धी विषय:**

(१) क्रिकेटसँग सम्बन्धित विषयहरु जस्तै खेलाडीहरुको चयन, प्रशिक्षण र टोलीको कार्य सम्पादनको मूल्यांकन केन्द्रीय कार्य समितिले गठन गरेको क्रिकेट समितिले गर्नेछ।

(२) निर्णयको व्यवस्थापन, मूल्यांकन र चयन सम्बन्धी कार्य केन्द्रीय कार्य समितिले गठन गरेको प्राविधिक समितिले गर्नेछ।

(३) क्रिकेट तथा प्राविधिक समितिको प्रतिवेदन महाप्रवन्धक मार्फत केन्द्रीय कार्य समितिमा पेश गर्नु पर्नेछ। तर उक्त प्रतिवेदनको मस्यौदा, स्वीकृत वा संशोधनमा महाप्रवन्धकको कुनै अधिकार रहने छैन।

**३२. कार्यात्मक दक्षता**

(१) संघलाई सेवा प्रदान गर्ने बैंकर्स, कानून व्यवसायी र अन्य व्यवसायीको नियुक्ति निष्पक्षता र पारदर्शी ढगंले गरिनेछ र केन्द्रीय कार्य समितिलाई उचित लागेमा समय समयमा परिवर्तन गर्न समेत सकिनेछ।

(२) महाप्रबन्धक, क्रिकेट र प्राविधिक समितिले स्वतन्त्ररुपले एकअर्काको कुनै हस्तक्षेप विना र स्वीकृति लिनु नपर्ने गरी आफ्नो कार्य सम्पादन गर्नेछ।

**३३. महाप्रबन्धक**

संघको दैनिक कृयाकलापको व्यवस्थापन गर्ने जिम्मेवारी केन्द्रीय कार्य समितिबाट नियुक्त गरिने पूर्णकालिन महाप्रवन्धकमा निहित रहनेछ। महाप्रबन्धकको योग्यता विनियमावलीमा निर्दिष्ट गरिनेछ।

**३४. महाप्रबन्धकको कार्यहरु**

केन्द्रीय कार्य समितिले निर्णय गरे बमोजिमको कार्य सम्पादन गर्ने जिम्मेवारी महाप्रबन्धकको हुनेछ।

## परिच्छेद ११
## अविश्वासको प्रस्ताव

**३५. अविश्वासको प्रस्ताव**

(१) केन्द्रीय साधारण सभाको जम्मा सदस्य संख्या मध्ये एक तिहाई सदस्यले केन्द्रीय कार्य समितिको पदाधिकारीको विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन्।

(२) उपधारा (१) बमोजिम अविश्वासको प्रस्ताव उपर छलफल र निर्णय गर्नका लागि केन्द्रीय कार्य समितिले पैतालिस (४५) दिन भित्र केन्द्रीय साधारण सभाको बैठक बस्ने गरी सूचना दिनु पर्नेछ।

(३) अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको केन्द्रीय साधारण सभाले अविश्वास प्रस्तावको पक्ष विपक्षको राय र सम्बन्धित पदाधिकारीको प्रतिवाद कथनलाई विचार गरी केन्द्रीय साधारण सभाको दुई तिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ र सम्बन्धित पदाधिकारी आफ्नो पदबाट मुक्त भएको समेत मानिनेछ।

(४) अविश्वासको प्रस्ताव उपर छलफलका लागि बोलाएको केन्द्रीय साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ। तर केन्द्रीय कार्य समितिको विरुद्धमा नै अविश्वासको प्रस्ताव दर्ता भएकोमा सभाको सबैभन्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ र अध्यक्ष उपर अविश्वासको प्रस्ताव दर्ता भएकोमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(५) केन्द्रीय कार्य समिति विरुद्धमा दर्ता भएको अविश्वासको प्रस्ताव पारित भएकोमा सोही केन्द्रीय साधारण सभाले तीन महिना भित्र निर्वाचन गरी केन्द्रीय कार्य समिति गठन गर्नका लागि केन्द्रीय साधारण सभाका सदस्यहरु मध्येवाट एउटा तदर्थ समिति गठन गर्नेछ।

(६) वार्षिक साधारण सभा आगामी तीन (३) महिना भित्र बस्ने भएमा पेश हुन आएको अविश्वासको प्रस्ताव उक्त बैठकमा पेश गर्न सकिनेछ।

(७) अविश्वासको प्रस्ताव निर्वाचन भएको एक वर्ष नवित्दै वा अविश्वासको प्रस्ताव अस्वीकृत भएको एक वर्ष नवित्दै अर्को अविश्वासको प्रस्ताव पेश गर्न पाईने छैन।

(८) यस्तै प्रकारको अविश्वासको प्रस्ताव सम्वन्धी व्यवस्था प्रादेशिक र जिल्ला संघका विनियमावलीमा समेत गरिनेछ।

## परिच्छेद १२
## लेखापरिक्षण र लेखा

### ३६. लेखापरिक्षक,

(१) केन्द्रीय साधारण सभाले प्रत्येक केन्द्रीय वार्षिक साधारण सभाको बैठकमबाट एक वा वढी लेखापरिक्षक एक वर्षका लागि नियुक्त गर्नु पर्नेछ र निजको पारिश्रमिक समेत निर्धारण गर्नु पर्नेछ। नियुक्त भएका लेखा परिक्षक बढीमा निरन्तर तीन वर्षका लागि केन्द्रीय साधारण सभाले पूनः नियुक्त गर्न सक्नेछ।

(२) लेखा परिक्षकहरुलाई संघ, प्रादेशिक र जिल्ला क्रिकेट संघको सम्पूर्ण लेखा श्रेष्ता, भर्पाई तथा लेखा सम्बन्धी अन्य कागजातमा आवश्यकता बमोजिमको पहुँच रहनेछ र आफ्नो कार्य सम्पादनको क्रममा आवश्यक पर्ने जानकारी तथा स्पष्टीकरण पदाधिकारीहरु वा कार्य समितिबाट प्राप्त गर्न सक्नेछन्।

(३) लेखा परिक्षकले संघको वित्तिय विवरणका सम्बन्धमा आफ्नो राय दिनु पर्नेछ र आर्थिक नियन्त्रणका सम्बन्धमा आफ्नो सुझाव समेत राखी आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) सम्बन्धित कार्य समितिहरुले संघको कोष कुन प्रकारले प्रयोग गरिरहेको भन्ने विषयलाई समेत लेखा परिक्षकले एकिन गर्नु पर्नेछ। प्रादेशिक तथा जिल्ला क्रिकेट संघले पेश गरेको आर्थिक विवरण रुजु गर्ने जिम्मेवारी लेखापरिक्षकको हुनेछ र अनुपालन प्रतिवेदनमा सो सम्बन्धमा आफ्नो निष्कर्ष समेत राखी पेश गर्नु पर्नेछ।

(५) लेखा परिक्षकको दुवै लेखापरिक्षण प्रतिवेदन तथा अनुपालन प्रतिवेदन केन्द्रीय साधारण सभाको वार्षिक साधारण सभामा छलफल तथा स्वीकृतिका लागि पेश गरिनेछ।

### ३७. लेखा

संघको सम्पूर्ण आय तथा खर्च र उक्त आय तथा खर्च कहिले केका लागि भएको, संघको सम्पत्ति, व्यय, दायित्वको विवरण समेतको यथार्थ विवरण महाप्रबन्धक तथा कोषाध्यक्षको सुपरिवेक्षणमा लेखा प्रबन्धकले राख्नेछ।

**३८. लेखाको मिलान तथा वासलात,**

केन्द्रीय साधारण सभाले कुनै छुट्टै मिति तोकेको अवस्थामा बाहेक कोषाध्यक्षले प्रत्येक नेपाली आर्थिक वर्षको अन्तमा लेखाको निर्धारण गर्नेछ र त्यस मितिमा संघको सम्पति तथा दायित्वको वासलात तयार गर्नेछ । लेखापरिक्षकले लेखा परिक्षण गरेको वासलात केन्द्रीय साधारण सभाको वार्षिक साधारण सभामा पेश गरिनेछ ।

**३९. कोषको सञ्चालन,**

(१) संघको आफ्नो छुट्टै कोष रहनेछ । संघको कोषको संचालन संघको वित्तिय नियमावलीको व्यवस्था बमोजिम हुनेछ । केन्द्रीय कार्य समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षरमा संघको कोष सञ्चालन गरिनेछ । तर कोषाध्यक्षको सहि अनिवार्य हुनेछ । केन्द्रीय कार्य समितिबाट निर्णय गरी संघको दैनिक कारोवार गर्नका लागि छुट्टै खाता खोलि सञ्चालन गर्न सक्नेछ र त्यस्तो खाता महाप्रवन्धक र प्रवन्धकको संयुक्त हस्ताक्षरमा सञ्चालन हुनेछ । कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ,

(क) नेपाल सरकार वा परिषदबाट प्राप्त सहयोग वा अन्य रकम ।

(ख) नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिबाट प्राप्त चन्दा, दान वा उपहार ।

(ग) एसियन क्रिकेट संघ तथा अन्तर्राष्ट्रिय क्रिकेट संघबाट प्राप्त अनुदान, सहयोग र पुरस्कार ।

(घ) संघलाई प्राप्त प्रवेश शुल्क, सदस्यता शुल्क र नविकरण शुल्क ।

(ङ) प्रायोजक तथा व्यवसायबाट आर्जित आय ।

(च) संघको स्वामित्वमा रहेको चल अचल सम्पत्तिबाट आर्जित आय ।

(छ) संघले लगानी गरेको पूँजी र आर्जन गरेको अन्य रकम ।

(२) प्रादेशिक र जिल्ला क्रिकेट संघको कोषको सञ्चालन सम्बन्धीत विनियमावली वमोजिम हुनेछ ।

**४०. आर्थिक वर्ष,**

संघको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष अनुरुप हुनेछ । प्रत्येक आर्थिक वर्षको वासलात प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र पेश गरिनेछ ।

## परिच्छेद १३
## पारदर्शियता

**४१. पारदर्शियता**

(१) पदाधिकारी, सदस्य तथा कार्य समितिले आईसिसी विधानको धारा २.४ (ग) मा उल्लेख भएका देहायका कुराहरुलाई सुनिश्चित गर्नु पर्नेछ,

(क) कार्य समितिका लागि सदस्यहरुबाट (सदस्यहरु बाहेकबाट गरिने मनोनयन समेत) हुने निर्वाचन तथा नियुक्ति प्रकृया स्वतन्त्र तथा प्रजातान्त्रिक रहने कुरा सम्बन्धित विधानमा नै सुनिश्चित गर्ने र विधानमा उल्लेख गरे बमोजिमको प्रक्रिया पूरा गरी पदाधिकारीहरुको स्वतन्त्र र प्रजातान्त्रिक रुपमा छनौट गर्ने ।

(ख) संघको कामकारवाही स्वयत्त रुपमा सञ्चालन गर्नु पर्नेछ र नेपाली क्रिकेट खेल (सञ्चालन, खेलाडी टोलीको चयन तथा व्यवस्थापन, प्रशिक्षक वा अन्य कर्मचारीको नियुक्ती समेत) को सुशासन, काम कारवाही तथा व्यवस्थापनमा सरकारी निकाय (वा अन्य सार्वजनिक तथा अर्ध न्यायिक संस्था) को कुनै हस्तक्षेप नरहने कुरा सुनिश्चित गर्नु पर्नेछ ।

(२) संघको विधान, नियम तथा विनियमावली र अन्य सम्पूर्ण निर्णय, आदेश सर्वसाधारणवाट उचित मूल्य प्राप्त गरी स्वतन्त्र रुपले उपलब्ध गराइनेछ साथै उक्त कागजातहरु संघको वेभसाईट बाट समेत प्राप्त गर्न सक्नेछ ।

(३) विभिन्न समितिहरुको बनावट, समितिसँग सम्बन्धित कार्य सम्पादन, आर्थिक लगानी तथा खर्चसँग सम्बन्धित प्रतिवेदनहरु त्रैमासिक रुपमा संघको वेभसाईटमा राखिनेछ ।

(४) संघले गरेको बीस लाख भन्दा बढीको सबै भुक्तानी तथ खर्चहरुलाई संघको वेभसाईटमा राखिनेछ ।

(५) निर्वाचन सम्बन्धी सम्पूर्ण प्रक्रिया र निर्णयहरु संघको वेभसाईटमा वार्षिक रुपमा राखिनेछ ।

(६) लेखा परिक्षण गरिएको लेखा, वासलात, नाफा नोक्सानको हिसाव र वार्षिक प्रतिवेदन वार्षिक रुपमा संघको वेभसाईटमा राखिनेछ ।

(७) लेखा परिक्षकको वित्तिय र अनुपालन विवरणहरु वार्षिक रुपमा संघको वेभसाईटमा राखिनेछ ।

(८) संघको तर्फबाट सामान वा सेवा खरिद गर्नका लागि जारी गरिएका बोलपत्र आव्हान करारयुक्त सम्झौता तथा सोसँग सम्बन्धित अन्य सम्पूर्ण सूचनाहरु तत्काल संघको वेभसाइटमा राखिनेछ ।

## परिच्छेद १४
## विविध

### ४२. विधानको संशोधन,

(१) यस विधानको कुनै व्यवस्था संशोधन गर्नु पर्ने भएमा केन्द्रीय कार्य समितिले केन्द्रीय साधारण सभाको बैठक बस्नुभन्दा कम्तीमा २१ दिन अगावै लिखित सूचना दिई प्रस्ताव गर्न सक्नेछ ।

(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय साधारण सभाको कूल सदस्यहरुको दुई तिहाई मतद्वारा पारित हुनु पर्नेछ ।

(३) राष्ट्रिय खेलकुद परिषद र सम्बन्धित निकायबाट अनुमति प्राप्त भएपश्चात संशोधित व्यवस्था लागू हुनेछ ।

### ४३. निर्वाचन

(१) केन्द्रीय कार्य समितिको अनुरोधमा राष्ट्रिय खेलकुद परिषदले केन्द्रीय कार्य समितिको सदस्यहरुको निर्वाचनका लागि निर्वाचन समितिको गठन गरिनेछ ।

(२) नेपाल राष्ट्रिय ओलम्पीक समिति, राष्ट्रिय खेलकुद परिषद र अन्तर्राष्ट्रिय खेलकुद महासंघका प्रतिनिधिले पर्यवेक्षकको रुपमा निर्वाचन प्रकृयामा भाग लिन सक्नेछन् ।

(३) निर्वाचन समितिले निर्वाचन प्रकृयाका सम्बन्धी नियम तर्जुमा गर्नेछ ।

(४) निर्वाचन विधिवत, स्वतन्त्र र निष्पक्ष सम्पन्न गर्ने उत्तरदायित्व निर्वाचन समितिको हुनेछ ।

(५) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

### ४४. नियम र विनियम वनाउने अधिकार

विधान बमोजिमको उद्देश्यहरुमा प्राप्त गर्नका लागि केन्द्रीय कार्य समितिले आवश्यक नियम र विनियम बनाउन सक्नेछ ।

### ४५. अन्तर्राष्ट्रिय सदस्यता

क्रिकेट खेलको विकास र विस्तारका लागि संघले अन्तर्राष्ट्रिय महासंघ, अन्तर्राष्ट्रिय एसियन तथा साउथ एसियन लगायतका अन्य अन्तर्राष्ट्रिय संघ संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछ ।

### ४६. बाधा अड्काउ फुकाउ

विधानको कार्यान्वयनको लागि कुनै बाधा अड्काउ परेमा केन्द्रीय कार्य समितिले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकुवा गर्न सक्नेछ । त्यसको जानकारी केन्द्रीय साधारण सभा बस्दा सभालाई दिनुपर्नेछ ।

Sports Council

**४७. खारेजी र बचाउ**

(१) यो संशोधित विधान लागू भए पश्चात संघले हाल कायम रहेको विधान बमोजिम गठन भएको नेपाल क्रिकेट संघको सम्पत्ति, दायित्व, कार्यक्रम, कोष र कर्मचारी यस संघले तत्काल आफ्नो जिम्मामा लिनेछ ।

(२) यस विधानको कुनै व्यवस्था नेपालको कुनै प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

**अनूसूचि १**

**झन्डा**

निलो रंगको पृष्ठभुमीको झण्डा हुनेछ रसोको बाँया तर्फ एक सिंगे गैंडाको टाउको तथा दायाँ तर्फको माथि नेपालको राष्ट्रिय झण्डा र सोको तल्लो भागमा निम्न लेखिए बमोजिमको शब्द लेखिएको हुनेछः-

**नेपाल क्रिकेट संघ, २०५५,**

**Cricket Association of Nepal,**

**अनुसुचि २**

**प्रदेश**

१) प्रदेश नं. १ – मोरङ, सुनसरी, ईलाम, झापा र उदयपुर
२) प्रदेश नं. २- सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा र बारा
३) प्रदेश नं. ३ – मकवानपुर, चितवन, ललितपुर, भक्तपुर, काठमाण्डौ र नुवाकोट
४) प्रदेश नं. ४- कास्की, तनहुँ, स्याङ्जा, पर्वत, बागलुङ र नवलपरासी (पुर्व)
५) प्रदेश नं. ५- रुपन्देही, कपिलवस्तु, नवलपरासी (पश्चिम), पाल्पा, दाङ, बाँके र बर्दिया
६) प्रदेश नं. ६- सुर्खेत, सल्यान, कालिकोट, दैलेख र रुकुम पश्चिम
७) प्रदेश नं. ७- बैतडी, कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, दार्चुला, अछाम र बझाङ

राष्ट्रिय खेलकुद परिषद-नेपाल National Sports Council-Nepal

नेपाल क्रिकेट संघ Cricket Association of Nepal CAN



CamScanner